खिजीदेम्वा गाउँपालिकाको सोह्रौं गाउँ सभामा मिति २०८१ अषाढ ८ गते
शनिबार गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को
# वार्षिक नीति तथा कार्यक्रम

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

उपाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा खिजीदेम्वा गाउँपालिकाको अध्यक्षको हैसियतले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी र गौरवान्वित महशुस गरेको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको प्राप्ति साथै सुदृढ शासकीय प्रवन्ध र राजनीतिक व्यवस्था परिवर्तनका खातिर भए गरिएका विभिन्न चरणका जनआन्दोलन, मधेश तथा जनजाति आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै यस गाउँ कार्यपालिकाको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा महत्वपूर्ण सल्लाह, सुझाव दिएर सहयोग पुऱ्याउनु हुने यस गाउँपालिकाका आमा, बुवा, दाजुभाइ तथा दिदी, बहिनीहरु,कर्मचारी,स्थानीय वुद्धिजीवि, पत्रकार, नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि,शिक्षक/शिक्षिका,स्वदेश तथा विदेशमा रहेर पनि यस खिजीदेम्वालाई नजिकबाट नियाली माया सद्भाव ब्यक्त गर्नुहुने आम व्यक्तित्वहरु तथा विभित्र संघ, संस्थाका प्रतिनिधि मित्रहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

नेपाल संघीयतामा प्रवेश गरेसँगै स्थानीय तहको दोश्रो निर्वाचनद्वारा निर्वाचित भएपश्चात् आ.व. २०८०/०८१ को कार्यकाल पूरा गर्ने चरणमा रहेका छौं ।

**"आर्थिक विकास सुशासन र सदाचारः सुखी नागरीक , समद्ध खिजीदेम्वा हाम्रो आधार"** सरकारको सपना एवं गाउँवासीहरुको चाहना तथा हामीले निर्वाचनमा मतदाताहरु समक्ष गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमलाई मुखरित गरेका छौं । जसका लागि सीमित स्रोत साधनको किफायती ढंगबाट अधिकतम उपयोग गर्दै आगामी आर्थिक वर्षलाई खिजीदेम्वाको दीगो विकासका लागि राष्ट्रिय लक्ष्यहरुलाई स्थानीयकरण गर्दै गुणस्तरीय पुर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान तथा परिचालन गरी समावेशी, जलवायु उत्थानशील र दीगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध खिजीदेम्वा सुखी खिजीदेम्वा वासीको लक्ष्य हासिल गर्न दीगो विकासका लागि सार्वजनिक, निजी क्षेत्र, विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्था ,समुदाय र नागरिकसँगको सहकार्य,समन्वय र साझेदारीलाई प्राथमिकता दिइनेछ ।

विविध कारणवश मुलुकको आर्थिक सङ्कुचन हुँदै गएको सन्दर्भमा पनि खिजीदेम्वा गाउँपालिकालाई पर्यावरणमैत्री, स्वच्छ , सुन्दर र समुन्नत गाउँपालिकाको रुपमा विकास गरी पर्यटकीयमय गाउँपालिका, श्रम संस्कारको विकास तथा उत्पादनशील स्थानीय अर्थतन्त्र र विकासका पुर्वाधारलाई व्यवस्थित बनाउँदै अगाडि बढ्नका लागि यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताका रुपमा अंगिकार गरेको छ ।

१. विद्यमान परिवेशः

अर्थतन्त्र विश्व राजनीतिक द्वन्दबाट सिर्जित रुस युक्रेन युद्धका कारण हालसम्म समेत विद्यमान विश्व बजारमा परेको आर्थिक मन्दीको चपेटाबाट नेपाल अझै पनि अछुतो रहन सकेन र हाल सिंगो देशवासी आर्थिक मन्दीको विषम परिस्थितिबाट गुज्रिरहेका अवस्था छ ।

यसबाट संघीय सरकारको राजश्व परिचालनमा पर्न गएको असरका कारण स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकरात्मक असर परेको कुरा यहाँहरु सबैमा विदितै छ । नेपाल विकासशील मुलुकको श्रेणीमा उक्लिने लक्ष्य राख्दै गर्दा देशमा भएका दैनिक २ देखि ३ हजार युवा जनशक्तिहरु रोजगारीको खोजीमा विदेशिने गरेको कुरा सबैलाई थाहा नै छ । यसबाट खिजीदेम्वा पनि अछुतो रहने कुरा भएन । देशको युवा जनशक्ति विदेशिनुको कारणले आन्तरिक रुपमा स्थानीय तहमा युवा जनशक्तिको अभाव एकातिर छ भने हामीले पनि स्थानीय रुपमा युवा जनशक्तिका लागि पर्याप्त रोजगारी सिर्जना गरी देशको उर्जाशील युवा जनशक्ति लाई स्वदेशमै रोक्न सकिरहेका अवस्था छैन।

यसका लागि हामीले स्थानीय तहमा आफ्नै गाउँघरमा आन्तरिक रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गरी गाउँघरको बसाई लाई व्यवस्थित र आकर्षक बनाउने कार्य चुनौतीपूर्ण छ। यो हाम्रो मात्र नभएर राष्ट्रिय रुपमै साझा चुनौतीको विषय हो ।

आर्थिक मन्दीको यस्तो विषम परिस्थितिमा पनि हाम्रो अर्थतन्त्रलाई सिर्जनशील क्रियाकलाप मार्फत पुनर्उत्थान गर्ने उद्देश्यकासाथ तिब्र रुपमा दीगो विकास गरी समृद्ध र समुन्नत खिजीदेम्वाको लक्ष्य हासिल गर्ने दायित्व हामीलाई छ । यसका लागि स्थानीय आर्थिक विकासका कार्यक्रमहरुमा विशेष जोड दिदै आन्तरिक रोजगारी तथा स्वरोजगारका क्षेत्रहरुलाई प्रोत्साहन गरी स्थानीय वस्तु तथा सेवा क्षेत्रको विकासलाई प्रभावकारी बनाउनु अपरिहार्य छ ।

स्थानीय सरकारको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै आम जनमानसमा सुशासनको अनुभूति गराउन गाउँपालिकाको जनशक्तिमा क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय शासन प्रणालीलाई अझ प्रभावकारी बनाइने छ ।

**सभाका सदस्य ज्यूहरु,**

**खिजीदेम्वा गाउँपालिकाको विद्यमान अवसरहरु लाई यस सभामा पेश गर्न चाहन्छु ।**

- नेपालको संविधानद्वारा प्रदत्त अधिकारहरुको उपयोग र प्रभावकारी कार्यान्वयन गर्न सकिने,
- स्थानीय तहको दोस्रो निर्वाचन पछिको दोस्रो कार्यकालको दौरानमा अनुभवी र परिपक्व भएका छौं ।
- संविधानद्वारा प्रदत्त एवं कानून सम्मत प्राप्त अधिकारको प्रयोग गर्दै स्थानीय विकासलाई सिर्जनशील र व्यवस्थित गर्ने,
- भौगोलिक र साँस्कृतिक विविधतालाई भौगोलिक र साँस्कृतिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने,

- स्थानीय र अर्गानिक कृषिजन्य उपजको उत्पादन र बजारीकरण मार्फत आर्थिक वृद्धिमा टेवा पुग्नु,
- सबै वडामा सडक सञ्जालको विस्तार हुनु, प्राय सडकहरु नियमित चल्ने अवस्थामा हुनु
- खिजीदेम्वा देशकै १०० पर्यटकीय गन्तव्यभित्र समेटिनु,
- अल्ट्रा ट्रायल रेस , गल्फ खेल , रक क्लाइम्विङ जस्ता खेलकुदवाट पर्यटन प्रवर्द्धन गरि आर्थिक विकास र समृद्ध तर्फ अघि बढ्ने क्रममा ।
- खिजीचण्डेश्वरी एयरपोर्ट सञ्चालन गरी यसबाट माउन्टेन फ्लाइट सञ्चालनको सम्भाव्यता रहेको,
- स्थानीय प्राकृतिक श्रोतहरु, जङ्गल,जडीबुटी,जमिनहरु प्रशस्त हुनु।
- पर्यापर्यटन, होमस्टे सञ्चालन मार्फत अन्तर्राष्ट्रिय जगतमा जातीय संस्कार संस्कृति, पृथक पहिचानको र विकासका सम्भावनाको बजारीकरण ।
- कृषि,पर्यटन , जलबश्रोत र पूर्वाधारको विकास गरि आर्थिक विकास तर्फ अघि बढेका छौं ।
- श्रम संस्कारको विकास गरि विकासमा थप टेवा पुर्याइ राखेका छौं ।

**सभाका सदस्य ज्यूहरु,**

अव म खिजीदेम्वा गाउँपालिकाका विद्यमान चुनौतीहरुलाई यस सम्मानित सभामा पेश गर्न चाहन्छु।

- सीमित स्रोत र साधनबाट असीमित आवश्यकताहरु पूरा गर्नु
- कच्ची सडकहरुको जनअपेक्षा अनुरुप स्तरोन्नती गर्नु
- स्थानीय कृषिजन्य उत्पादनहरुको सहज र सरल रुपमा बजारीकरण गर्नु
- विदेशिने र बाहिरिने युवा जनशक्तिहरुको बढ्दो पलायन दरलाई न्यूनीकरण गर्नु,
- पर्यटन विकासका लागि आवश्यक पुर्वाधारहरुको विकास गर्नु,
- कृषिजन्य जग्गा जमिनहरुको उचित रुपमा सदुपयोग गर्ने वातावरण सिर्जना गर्नु,
- जनतालाई गुणस्तरीय र सहज सूचना तथा सञ्चार प्रविधिको उपलब्ध गराउनु,
- गाउँपालिकाका भौतिक पूर्वाधारजन्य संरचनाहरुको प्रभावकारी मूल्यांकन तथा उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु
- स्थानीय स्तरमै पर्याप्त रोजगारी सिर्जना गर्नु
- प्राकृतिक श्रोतहरु जल, जमिन, जंगलको भरमग्दुर प्रयोग एवं सदुपयोग गर्दै बहुमूल्य जडीबुटी, जीवजन्तुको अवैध निकासी पैठारी नियन्त्रण गर्नु,
- स्थानीय पूँजी र सम्भावनालाई बाह्य बजार उन्मुख हुनबाट रोक्नु।

**यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्दछुः**

- नेपालको संविधानमा स्थानीय सरकारका लागि प्रदत्त अधिकार एवं शासनका लागि उल्लिखित नीतिगत व्यवस्था,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान,
- राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,
- पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू ,
- सोह्रौं आवधिक योजनाको अवधारणा पत्र अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रिया
- प्रादेशिक तथा संघीय सरकारबाट प्राप्त विभिन्न मार्गदर्शन तथा निर्देशनहरु
- आर्थिक सर्वेक्षण २०८०
- जनगणना प्रतिवेदन, २०७८
- गाउँपालिकाको विद्यमान आर्थिक,सामाजिक अवस्था एवं भौगोलिक अवस्थिती
- प्रादेशिक तथा संघीय सरकारबाट प्राप्त श्रोत तथा अनुदानको स्थिती,
- आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेटबाट प्राप्त उपलब्धीहरु
- गाउँपालिकाको क्षमता विकास सम्वन्धमा गरिएका कार्यक्रमको रुपरेखा,
- गाउँपालिकाको निर्माणाधिन आवधिक एवं पञ्चवर्षिय योजनाको प्रारुप
- दीगो विकास लक्ष्य २०३० को मार्गचित्र,
- स्थानीय बुद्धिजीवि, सरोकारवालाहरु सबैको राय,सल्लाह सुझाव ।

पहुँचयोग्य र गुणस्तरीय पूर्वाधार निर्माणका लागि स्थानीय सरकार आफ्नो गाउँ क्षेत्रभित्रका आम उपभोक्ताहरु, सर्वसाधारण, उद्योग एवं निर्माण व्यावसायीहरु, विभिन्न सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरुसँग समेत निरन्तर रुपमा सहकार्य गर्दै आएको व्यहोरा सर्वविदितै छ ।गाउँबासीहरुलाई विकास र सुशासनको प्रत्यक्ष अनुभूति गराउनको लागि जनप्रतिनिधिहरुले विकासका लागि स्पष्ट मार्गदर्शन र कार्ययोजना सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रमार्फत त्यसलाई प्राविधिक तथा कानुनी ढाँचाको स्पष्ट आकृति भित्र आवद्ध गराउनु आजको आवश्यकता हो। समय सापेक्ष आम नागरिकहरुले समेत वस्तुपरक सुझाव दिन भुल्न नहुने कुरामा दुई मत रहन्न। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीय जनसहभागीतालाई निरन्तर रुपमा कायम र सुनिश्चित गरिने छ ।

यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ थप मितव्ययी, किफायती, प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने रकमको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै परिमाणात्मक भन्दा गुणात्मक, हेर्न सकिने भन्दा देख्न र अनुभूत गर्न सकिने विकासात्मक कार्यहरुलाई निरन्तर रुपमा बढावा दिइनेछ।

यस सरकारले समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित खिजीदेम्वा निर्माण गर्ने उद्देश्यलाई मूल मन्त्रको रुपमा शिरोधार्य गरेको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि उच्चतम् जनसहभागिता मार्फत पारदर्शिता र जवाफदेहितालाई विशेष रुपमा जोड दिइनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

अब म चालु आ.व. २०८०।०८१ मा भए गरिएका हालसम्मका उपलव्धीहरु प्रस्तुत गर्न चाहन्छु।

**कृषि विकास तर्फः**

- कृषकहरुलाई आवश्यकतानुसारका विभिन्न मौसमी विउ विजनहरु नियमित रुपमा वितरण गरिएको छ ।
- कृषिजन्य उत्पादनमा टेवा पुर्याउन किसानहरुको लागि जैविक किटनाशक तथा रोगनाशक विषादी वितरण गरिएको छ।
- यस गाउँपालिकामा आलुबाली,खेतीबाली कृषकहरुलाई उन्नत आलुखेती प्रविधि तालिम सम्पन्न गरिनुका साथै कृषक समूहहरुलाई आवश्यक वाली संरक्षणका सामाग्रीहरु तथा माटो सुधारक तत्व वितरण कार्य सम्पन्न गरिएको छ।
- प्राङ्गारिक प्रमाणिकरण गर्न सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली मापदण्ड निर्माण गरिएको छ।
- प्राङ्गारिक प्रमाणिकरण गर्नका लागि प्रत्येक वडाहरुमा पी.जी.एस. व्यवस्थापन समिति गठन गरिएको छ।
- पीजीएस व्यवस्थापन समितिमा प्रत्येक वडाका सय जना कृषक आवद्ध भई रुपान्तरण अवधिको प्राङ्गारिक प्रमाणित स्टिकर लगाउन योग्य भएका छन् भने आगामी आ.व. मा पूर्ण प्राङ्गारिक स्टिकर लगाउन योग्य हुनेछन् ।
- प्राङ्गारिक प्रमाणित कृषकको पहिचान कायम गर्नका लागि खिजीदेम्वा पीजीएस उल्लेखित लोगो डिजाइन भई गाउँपालिका भित्रका करिव ९ सय कृषकहरुले उत्पादित उपजमा उक्त लोगो यहि आवमा लगाउन सफल हुनेछन्।
- कृषकहरुलाई आवश्यक पर्ने प्राविधिक सेवा टेवा निरन्तर रुपमा प्रदान गरिएको छ।
- माटोको उत्पादकत्व पहिचान गर्न प्रत्येक वडाका माटोको नमुना परीक्षण हुने कार्य निरन्तर रुपमा हुँदै आएको छ।
- प्रत्येक वडाका कृषकहरुलाई जैविक विषादी तथा गोठेमल सुधार साथै माटोको नमुना सङ्कलन गर्ने प्राविधिक तालिम प्रदान गर्ने कार्य सम्पन्न गरिसकिएको छ।

**भौतिक पूर्वाधार तर्फः**

- प्रदेश सरकारसँगको साझेदारीमा धारापानी,ताउर,छेर्मादिङ,टुक्सिन्दुक,झाप्रे सडक स्तरोन्नती र राझावारी चण्डिथान महभिर हुँदै मोलुङ गाउँपालिका जोड्ने सडक स्तरोन्नती कार्य सम्पन्न भएको छ।
- संघीय सरकारको साझेदारीमा सञ्चालन भएको खिजीचण्डेश्वरी खिजीकाती रावादोलु भुसिंगा सडक निर्माण तथा स्तरोन्नती कार्यको लक्ष्य प्राप्तीको अन्तिम चरणमा रहेको छ।
- प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट ५ शैयाको खिजीदेम्वा आधारभूत अस्पताल र प्रसुती सेवा सहितको अस्पताल, खिजीचण्डेश्वरी स्वास्थ्य चौकीको लागि आवश्यक फर्निचर व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको छ ।

- यसै गापाका वडा नं. १ को पटपटे साल्पुखोला र वडा नं. ८ को कासीखोला दोभान झोलुङ्गे पुल निर्माण कार्यको अन्तिम भूक्तानी कार्य समेत सम्पन्न भई सकेको छ।
- साम्वाछोलिङ गुम्वा,फाप्रे छेर्मादिङ देवच्याङ छोकुर छोलिङ गुम्वाको पुनः निर्माण कार्य सम्पन्न पश्चात् भुक्तानीको प्रक्रियामा रहेका छौं।
- यसै गापाभरिका कृषकहरुबाट उत्पादित कृषिजन्य वस्तुहरुको भण्डारण गर्नका लागि शीत भण्डार गृह निर्माणका लागि आवश्यक जग्गा प्राप्त गरी जग्गा सम्याइ र ग्याविन जाली लगाउने कार्य सम्पन्न भएको छ।
- साना सिंचाई कार्यक्रम अन्तर्गत तीनै तहको सरकार,स्वीस सरकार र उपभोक्ता समितिको साझेदारीमा वडा नं. ५ स्थित कुडेखोला प्लाप्चु लुजु मानेखोला सिचाई योजना, वडा नं. ७ स्थित रञ्जना स्कुल ढुङ्गे चौतारा सिचाई योजना र वडा नं. १ स्थित सिमखोला पारी काभ्रे वारी सिचाई योजना निर्माण कार्य सम्पन्न भएको छ।
- खानेपानी तथा सिचाईका योजनाहरु र लघुजलविद्युत आयोजनाहरुको आवश्यक व्यवस्थापन तथा नियमित मर्मत कार्यलाई निरन्तरता दिइराखिएको छ।
- गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनको भौतिक पूर्वाधार संरचना थप निर्माण निरन्तर रुपमा गर्ने कार्यलाई निरन्तरता दिइराखिएको छ।
- यसै गापाको वडा नं. ३, खिजीचण्डेश्वरी स्थित प्रसुती सेवा सहितको अस्पताल भवनको भौतिक संरचना निर्माण कार्य सम्पन्न भएको छ।
- वडा नं. १,२,६,७ र ८ को प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरिएको छ भने वडा नं. ४ को प्रशासकीय भवन पनि निर्माण कार्यको अन्तिम चरणमा पुगेको छ।
- गाउँपालिका भवनको लागि आवश्यक फर्निचर तथा फिक्सचर्स विद्युतीय ठेक्का प्रणालीबाट खरिद कार्य सम्पन्न गरिएको छ।
- वडागत रुपमा सञ्चालनका लागि लक्ष्य राखिएको भौतिक निर्माण सम्वन्धी ससाना योजनाहरुको अधिकांश कार्य सम्पन्न गरिएको छ भने केहि योजनाहरु सम्पन्न हुने चरणमा रहेका छन्।

**स्वास्थ्य तर्फः**

- आ.ब. २०८०/२०८१ मा हालसम्म २९ जना जोखिममा रहेका गर्भवती तथा प्रसुती भएका महिलाहरुले प्रेषणको आधारमा निःशुल्क एम्वुलेन्स तथा बिशेषज्ञ सेवा लिई नवजात शिशु तथा आमाहरु सम्भावित स्वास्थ्य जोखिमबाट मुक्त भएका छन्।
- स्वास्थ्य चौकी रावादोलुमा कार्यरत एक जना अ.न.मी. लाई अल्ट्रासाउण्ड सम्वन्धी तालिम तथा अल्ट्रासाउण्ड मेशिन व्यस्थापन गरि सेवाको सूनिश्चितता गरिनुका साथै आधारभूत स्वास्थ्य सेवा केन्द्र छेर्मादिङमा कार्यरत एक जना अ.न.मी. लाई समेत तालिमको व्यवस्था मिलाएको छ।
- कोशी प्रदेशसगँको समन्वयमा आधारभूत अस्पताल खिजीफलाटे तथा खिजीचण्डेश्वरीमा फर्निचर व्यवस्थापन गर्न सफल भइएको छ।

- खोप लगाउने उमेर समूहका सम्पूर्ण वालवालिकाहरुलाई पूर्ण खोप लगाएको सूनिश्चितता गरिएको छ।
- बिद्यालयमा अध्ययनरत बिधार्थी तथा शिक्षकहरुको निःशुल्क आँखा परीक्षण शिबिर सञ्चालन गरी आवश्यक औषधी, चश्मा तथा परामर्श सेवा प्रदान गरिएको छ।
- मानसिक समस्या भएका विरामीहरुलाई शिविर सञ्चालन गर्नुका साथै निःशुल्क औषधी बितरणको प्रवन्ध मिलाइएको छ।
- गाउँपालिका तथा अन्य संघ, संस्थाहरुको साझेदारीमा ४ पटक निःशुल्क बिशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरी ५ हजार १ सय १७ जना खिजीदेम्वा वासीहरुले स्वास्थ्य सम्वन्धी सेवा प्राप्त गरेका छन्।
- पोषण तथा अन्य कार्यक्रमहरु समयमा नै सम्पादन गरि स्वास्थ्य सेवाको पहूँच पुर्याएको छ।
- आ.ब. २०८०/२०८१ को बैशाख महिनासम्ममा ७१ जना गर्भवती महिलाहरुलाई बर्थिङ सेन्टरबाट निशुल्क प्रसुती सेवा दिनुका साथै १ सय ३ जनालाई निःशुल्क अल्ट्रासाउण्ड सेवा समेत प्रदान गरिएको छ।

## शिक्षा,युवा तथा खेलकुद तर्फ

- शैक्षिक गतिविधिलाई क्रियाशील र व्यवस्थित बनाउनका लागि यस वर्ष शिक्षा समितिको बैठक ७ पटक वसेको छ।
- सबै विद्यालयको लागि विद्यमान अवस्था बुझ्नका लागि प्र.अ. हरुको बैठक ८ पटक बसेको छ।
- यस गाउँपालिका भित्रका विद्यालयहरुमा अध्ययनरत कक्षा ३ देखि १२ सम्मका २ हजार जना विद्यार्थीहरुलाई सावर्स नेपालको सहयोगमा न्यानो ज्याकेट वितरण कार्य सम्पन्न गरिएको छ।
- शिक्षण सिकाई क्रियाकलापहरुलाई समय सापेक्ष रुपमा व्यवस्थित गर्नका लागि ४७ जना शिक्षकहरुलाई पाठ्यक्रम प्रवोधिकरण तालिमको आयोजना गरिएको छ।
- प्र.अ., सरोकारवाला, शिक्षकहरुलाई सिकाई क्षति न्यूनिकरण सम्वन्धी कार्यशाला सम्पन्न गरिएको छ।
- शिक्षक र विद्यार्थीको अनुपात साथै शिक्षण सिकाई कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउनका लागि आवश्यकता र औचित्यताको आधारमा आधारभूत र माद्यमिक तहका शिक्षकहरुको सरुवा तथा नव नियुक्त शिक्षकहरुको पदस्थापन कार्य सम्पन्न गरिएको छ।
- यस गाउँपालिकाभित्रका विद्यालयहरुमा ०-३ कक्षामा अध्ययनरत ११०० छात्राछात्राहरुलाई ट्र्याकशुट वितरण गरिएको छ।
- बाल कक्षाका ३२५ जनाहरुलाई विद्यालय झोला वितरण कार्य सम्पन्न गरिएको छ।
- कक्षा १ देखि ३ सम्म मातृभाषा (सुनुवार,तामाङ र शेर्पा)मा स्थानीय पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक छपाई कार्य सम्पन्न गरिएको छ।
- वडा नं. १ को नर्मदेश्वर माद्यमिक विद्यालयमा कल्स ओभर रिजेज नेपालको सहयोग र सहकार्यमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ ।
- यस गा.पा. भित्रका माद्यमिक विद्यालयहरुमा अध्ययनरत १८४ जना साधारण र २२ जना प्राविधिक धारबाट गरी जम्मा २१० जना विद्यार्थीहरु एस ई ई मा सामेल भएका छन्।

- यस गा.पा. का ८२ जना साधारण र २६ जना प्राविधिक धारका गरी १०८ जना विद्यार्थी कक्षा १२ को परीक्षामा सामेल भएका छन् ।
- यस गाउँपालिकाभित्र रहेका ३६ वटा विद्यालयको नक्साङ्कन कार्य पुरा भएको छ।
- विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत कुण्डली मा.वि. र चण्डेश्वरी मा.वि. माझगाउँ र चम्पादेवी आ.वि. वन्सेमा विज्ञान प्रयोगशाला व्यवस्थापन कार्य सम्पन्न गरिएको छ।
- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड कप प्रतियोगिताबाट उत्कृष्ट हुने विद्यार्थी खेलाडीहरुलाई छनौट गरी जिल्ला स्तरीय राष्ट्रपति शिल्ड कप प्रतियोगितामा सहभागी हुन पठाइएको र सो प्रतियोगितामा स्थान हासिल गरेर आउने प्रतिभाहरुलाई पुरस्कृत र सम्मान गर्ने संस्कारको शिलान्यास गरिएको छ।
- छेर्मादिङ माध्यमिक विद्यालय,ओड्दी डाँडा १ जना र किल्खोर्दिङ गुम्बामा १ जना गरी २ जना मातृभाषा शिक्षक नियुक्त गरिएको छ।

**महिला बालबालिका तथा समाज कल्याण तर्फ**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विभिन्न दिवसीय एवं सचेतनामूलक कार्यक्रमहरु सञ्चालन कार्य सम्पन्न गरिएको छ।
- खिजीदेम्वा गाउँपालिकाको आमा समूह/सञ्जाल गठन तथा सञ्चालन कार्यविधि निर्माण कार्य सम्पन्न गरिए अनुरुप वडा तथा गाउँपालिका स्तरीय आमा समूह/सञ्जाल गठन गर्ने कार्य सम्पन्न गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुको वडास्तरीय मिलिजुली समूह र गाउँपालिका स्तरीय ओपीडी गठन गरिएको छ।
- लैङ्गिक हिंसा निवारणका लागि कोशी प्रदेश सरकारद्वारा वित्तीय हस्तान्तरण भई आएको अनुदान रकम सम्वन्धित खातामा जम्मा गर्ने कार्य सम्पन्न भै सकेको छ।
- करुणा फाउण्डेशन नेपाल, कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र यस गाउँपालिकाको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत गापाका सवै वडाका अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य जाँच, अपाङ्गता पहिचान,नयाँ परिचय पत्र वितरण तथा पुराना परिचय पत्र अद्यावधिक गर्नका लागि सवै वडाहरुमा स्वास्थ्य शिविर सञ्चालन कार्य सम्पन्न गरिएको छ।
- आगामी आर्थिक वर्षको लागि समेत अपाङ्गता रोकथाम तथा पुनःस्थापना अन्तर्गतका कार्यक्रमहरु तय तथा स्वीकृत गरिसकिएको छ।

**लघुउद्यम विकास तर्फ**

- युवा महिलाहरुको लागि भाषण कला तथा वाक क्षमता विकास सम्वन्धी ५ दिवसीय सीप विकास तालिम सञ्चालन गरिएको,
- व्यावसायिक रुपमा ढाका बुनाई, मुढा निर्माण तथा स्यानिटरी प्याडहरुको उत्पादन,सङ्कलन तथा विक्री केन्द्रको स्थापना गरिएको छ।
- व्यासायिक उद्यमीहरुलाई ५ जनाको समूह प्रविधि (टायर,नाइलनको डोरी,सुतारी,सियो,टायर काट्ने कैंची लगायत) हस्तान्तरण गर्ने कार्य सम्पन्न गरिएको छ।
- रेष्क्यु नेपालसँगको सहकार्यमा युवा कृषकहरुलाई उद्यमशीलता सिप विकास तालिम(ड्रायर मेसिन,ढाकाको तान) सञ्चालन गरिएको छ।

## खानेपानी तर्फ

- खिजीदेम्वा गाउँपालिकामा चाल आव २०८०/०८१ मा स्वीकृत बजेत तथा कार्यक्रमानुसार गाउँपालिकाका सबै वडाहरुमा सञ्चालित खानेपानी आयोजना निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।
- गाउँपालिकाका ५,९,२ र ६ नं. वडाहरुमा खानेपानी आयोजना मर्मत कार्य सम्पन्न भएको छ।
- गाउँपालिका बासीहरुको तत्कालिन माग र आवश्यकतानुसार ८ हजार मिटर पोलिथिन पाइप, ५ हजार लिटर क्षमताको २ वटा हिल ट्याङ्क र ९० वटा त्रिपाल खरिद गरि वितरण गर्ने कार्य सम्पन्न गरिएको छ।
- समुदायको माग र आवश्यकतानुसार वडा नं. ५को लाम्पाटा,वसन्ते र प्रचुर सम्भावना बोकेको पर्यटकीय क्षेत्र एवम् यस गाउँपालिकाको ऐतिहासिक सम्पदा देम्वाडाँडाको खानेपानी सर्वे कार्य सम्पन्न गरिनुका साथै सम्वन्धित निकायमा समस्या समाधानका लागि आवश्यक पहल गर्ने काम सम्पन्न गरिएको छ।

## आगामी आ.व. का नीति तथा कार्यकमहरु

उपाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु

अब म आ.व. २०८१।०८२ को विषयंगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु

**कृषि विकास सम्वन्धी नीति तथा कार्यक्रम तर्फ**

- कृषकहरुलाई आवश्यकतानुसारका आगामी दिनहरुमा पनि आवश्यकता पहिचान गरी विभिन्न मौसमी विउ विजनहरु वितरण गरिनेछ ।
- सामूहिक खेति प्रवर्द्धन तथा उद्यमी कृषक प्रोत्साहनका लागि कृषिमा लगानी गर्दा कृषकलाई कृषि कर्जाको ब्याजमा ५० प्रतिशत ब्याज अनुदान दिने व्यवस्था गरिनेछ।
- कृषिजन्य उत्पादनमा टेवा पुर्याउने हेतुले किसानहरुको लागि जैविक किटनाशक तथा रोगनाशक विषादी वितरण सम्वन्धी कार्यलाई निरन्तरता दिइनेछ।
- आलुबाली, खेतीवाली कृषकहरुलाई उन्नत आलुखेती प्रविधि तालिम साथै कृषक समूहहरुलाई आवश्यक वाली संरक्षणका सामाग्रीहरु तथा माटो सुधारक तत्व वितरण कार्यलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ।
- हिउँदे,वर्षे तथा सुन्तला र स्याउ प्रजातिका फलफूलका गुणस्तरीय विरुवा उपलव्ध गराइने छ।
- कृषि यान्त्रिकरण प्रवर्द्धन गर्न प्रत्येक वडामा गहुँ कुट्ने मेसिन तथा मिनिटिलर प्रत्येक वडाहरुमा वितरण गरिने छ।
- पी.जी.एस. व्यवस्थापन समितिको उत्पादक समूहमा प्रत्येक वडाहरुमा थप एक सय जना कृषकहरु आवद्ध गराइने छ। चालु आवमा रुपान्तरण अवधिको प्राङ्गारिक प्रमाणित कृषकहरुलाई पूर्ण प्राङ्गारिक प्रमाणित कृषक प्रमाण पत्र वितरण गरिनेछ ।
- एक हजार आठ सय कृषकद्वारा उत्पादित कृषि उपजलाई पूर्ण प्राङ्गारिक र रुपान्तरण अवधिको प्राङ्गारिक लोगो लगाई ब्राण्डिङ गरी सो उपजको बजारीकरण गरिनेछ।

- प्राङ्गारिक प्रमाणित बाली बजारीकरण गर्नका लागि यस गाउँपालिकाका कृषकहरुलाई सक्षम र सक्रिय साझेदारी संस्थासँग सिधा जोडी कृषि उपजको बजारीकरण प्रवर्द्धनका लागि थप प्रभावकारी रुपमा समेत कार्यप्रक्रिया अवलम्वन गरिनेछ।
- व्यावसायिक रुपमा तरकारी फलफूल तथा नगदे बाली खेती सम्वन्धी तालिम तथा प्रविधियुक्त नयाँ कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।
- खाद्यान्न बाली उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी खाद्य सुरक्षाको प्रत्याभूति गराइनेछ।
- कृषकहरुको हितमा हुने गरी उत्पादन लागत थोक तथा खुद्रा मूल्य विश्लेषण र उचित मुनाफा राखी न्यूनतम समर्थन मूल्य निर्धारण गरी बजारीकरण गरिनेछ।
- नयाँ आलु पकेट क्षेत्र विस्तार गरी आलु उत्पादनलाई थप प्रवर्द्धन गरिनेछ।
- कृषि विमा सेवालाई निरन्तर रुपमा विस्तार गर्दै लगिनेछ।
- विभिन्न निकायहरुसँग समन्वय गरी विभिन्न प्रजातिका फलफूलका विरुवाहरु कृषक तथा समुदायहरुमा वितरण गरिनेछ।
- कृषि अनुसन्धान र तालिम प्रदान गर्न नर्सरी सहितहको वागवानी केन्द्र र खाद्यान्न वालीको रैथाने बीज वृद्धिका लागि विउ उत्पादन केन्द्र तथा सामुदायिक बीउ बैङ्क (Seed Bank) स्थापना गर्न पहल गरिनेछ।
- अर्गानिक कृषि उपज उत्पादन गर्न जैविक मल र जैविक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ।

## भौतिक पूर्वाधार तर्फः

- प्रदेशसँगको लागत साझेदारीमा तपसिलका योजनाहरुलाई निरन्तरता दिइनेछ।
  - साझावारी चण्डीथान चुली महभीर मोलुङ गापा जोड्ने सडक स्तरोन्नती
  - धारापानी ताउर छेर्मादिङ टुक्सिन्दोक झाप्रे सडक स्तरोन्नती
- संघीय सरकारसँगको लागत साझेदारीङ्गा पाल्लेखर्क चर्नालु चुली कासी सडकको स्तरोन्नती कार्यलाई निरन्तरता दिइने छ।
- संघीय, प्रदेश सरकार र स्वीस परियोजनासँगको साझेदारीमा सञ्चालन हुने साना सिचाईं कार्यक्रम अन्तर्गत नरकट्टे सिंचाईं योजना, सालमु लसावारी पेपे टारछे सिचाईं योजना सञ्चालन गरिनेछ।
- झोलुङ्गे पुल निर्माण सम्वन्धी कार्यलाई निरन्तरता दिइनेछ।
- चोरपातल कुलावन लक्वुर टोल,पिनापु कात्तिके चाँभोटे टोल ,गङ्गलु सिमालडाँडा पिपल डाँडाचारघरे हुँदै बोम्दोका,तित्का थिङथिङ जोड्ने कृषि सडक निर्माण गरिनेछ।
- गाम्नाङे टोल पुजारी उकालो कमल मोड मुख्य सडकलाई विशेष प्राथमिकताका साथ सोलिङ गर्ने गरिनेछ।
- भित्ते नयाँवन कात्तिकेखर्क,चुप्लुङ चित्रे लेतीटोल,खुन्दुर्के विच हुँदै मुख्य सडक जोड्ने,च्यासिङडाँडा फकर्मु फेदी हुँदै थामडाँडा जोड्ने,सज्जावारी स्वास्थ्य चौकी हुँदै चर्नालु जिरो प्वाइन्ट जोड्ने,थामडाँडा हुँदै वुक्तेल जोड्ने,घुन्साफेदी साल्मे मानेडाँडा सडक स्तरोन्नती तथा टर्निङ निर्माण लगायतका सडक निर्माण तथा गाउँ पालिका भित्रका विभिन्न ग्रामिण सडकहरु सोलिङका कार्यहरु सञ्चालन गरिनेछ।
- यसै गाउँपालिकाको वडा नं. ५ मा करिव २५० जनाको क्षमता कभर्ड हल निर्माणका लागि आवश्यक पहल गरिनेछ।

## स्वास्थ्य क्षेत्र तर्फः

- स्थानीय सरकारको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार स्वरुप जनताको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सुदृढ र गुणस्तरीय बनाईनेछ।

- आधारभूत अस्पताललाई प्रबिधिमैत्री बनाई आवश्यक जनशक्ती व्यवस्थापन गरि गुणस्तरीय सेवाको सुनिश्चितता गरिनेछ ।
- गर्भवती महिला / प्रसुती भएका ४५ दिनभित्रका महिला तथा नबजातशिशुहरुमा जटिलता भई थप स्वास्थ्य उपचारको लागि अन्यत्र जानुपर्ने अवस्था भएमा प्रेषणको आधारमा निशुःल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- बालबालिकाहरुको स्वास्थ्यलाई मध्यनजर गरी नियमित खोप, पोषण, भिटामिन 'ए' आदि जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिने छ,
- जेष्ठ नागरिक लगायत स्वास्थ्य सेवावाट वञ्चित पूर्ण अपाङ्गता भएका नागरिक, दीर्घरोगी लगायतका नागरिकहरुलाई टोलटोलमै पुगेर विशेषज्ञ सहितको स्वास्थ्य घुम्ति स्वास्थ्य सेवा सञ्चालन थप नियमित र व्यवस्थित गरिने छ,
- प्रत्येक नागरिकले कम्तिमा पनि बर्षको एक पटक स्वास्थ्य परीक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमै उपचार गराउन सहजिकरण गरिने छ,
- आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैर सरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ,
- नेपाल सरकारको स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै ज्येष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका व्यक्तीहरुको वीमाको सुनिस्चित गरीने छ,
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई अझ प्रभावकारी बनाउन प्रोत्साहन भत्तालाई निरन्तरता दिदै अभिमूखीकरण तालिम संचालन गरिने छ,
- मातृशिशु स्वास्थ्यमा सुधार ल्याउन गाउँपालिकामा परिचालित सरकारी, गैरसरकारी संस्थाका कार्यक्रमहरुलाई परिणाममुखी र प्रभावकारी बनाउनुका साथै निःशुल्क मल्टीभिटामिन वितरण लाई निरन्तरता दिई पोषण सुधारका थप कार्यक्रम ल्याईनेछ ।
- मातृशिशु स्याहार तथा मृत्युदरमा शून्यमा ल्याई मातृ शिशुको स्वास्थ्य स्तर सुधार्न बर्थिङ सेन्टरलाई व्यवस्थित गरी २४ सै घण्टा सेवा प्रदान गर्ने व्यवस्थालाई थप व्यवस्थित गरिने छ।
- प्रजनन् स्वास्थ्य/सुरक्षित मातृत्व/एकिकृत बालरोगको व्यवस्थापन जस्ता एकिकृत वालरोगको व्यवस्थापनत कार्यक्रमलाई प्रभावकारी बनाई किशोर किशोरीलाई आवश्यक सेवा परार्मश कार्यक्रमलाई प्राथामिकताका साथ संचालन गरिने छ।
- नेपाल सरकारले निःशुल्क रुपमा उपलब्ध गराउन सूचिकृत गरेका औषधिहरु निःशुल्क रुपमा बर्षभरि उपलब्ध गराईने छ।
- स्वास्थ्य इकाईलाई दरबन्दी सहित व्यवस्थापनको लागि प्रदेश एवम् संघीय सरकारसँग माग गरिनेछ।
- प्रत्येक माध्यमिक विद्यालयमा किशोरीहरुलाई आइपर्ने शारीरिक तथा मानसिक समस्याहरुको समाधानका लागि उचित परामर्श सहितको सेवा प्रदान गरिने छ।
- नेपाल सरकारको कार्यक्रम अन्तरगत स्पाइनल इन्जुरी, मृगौला रोगी, डायलाइसिस तथा क्यान्सरका रोगीहरुलाई मासिक भत्ताको व्यवस्था गरिनेछ।
- समुदायिक मानसिक स्वास्थ्य कार्यक्रम मार्फत मानसिक समस्या भएका बिरामी तथा विरामिका अभिभावकहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरी मनोसामाजिक परामर्श सेवा तथा नियमित औषधिमा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

- योग शिबिर तथा नसर्ने रोग व्यवस्थापन गर्न आयुर्वेद उपचार पद्धतिमा जोड दिईने छ।
- योग विज्ञान तथा प्राकृतिक चिकित्सालाई प्रवर्द्धन गरिने छ।
- पाठेघर खस्ने समस्या भएका महिलाहरुको लागि स्क्रीनिङ क्याम्प सञ्चालनलाई निरन्तरता दिईने छ।
- परिवार नियोजन सेवा अन्तर्गत लामो जन्मान्तरका साधनहरुलाई पहुँचयोग्य र सशक्त बनाइने छ।
- माहामारी तथा प्रकोपजन्य रोगहरुको नियन्त्रणका लागि ACT Immediate को अवधारणा लागू गरिनेछ।
- मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नको लागि बर्थिङ सेन्टरका प्रत्येक नर्सिङ कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गराउने कार्यलाइ निरन्तरता दिइनेछ।
- नव परिवार योजना बनाएका दम्पतीहरुलाई निशुःल्क रुपमा फोलिक एसिड वितरण कार्यलाई थप प्रभावकारी वनाइनेछ।
- ज्येष्ठ नागरिकहरुको नियमित रुपमा स्थलगत स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने र दीर्घ रोगीहरुले नियमित सेवन गर्ने औषधिहरु सबै स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाई बाटै वितरण गर्ने व्यवस्था मिलाइने छ ।

## शिक्षा,युवा तथा खेलकुद तर्फ

- कक्षा १ देखि ३ सम्म मातृभाषा (सुनुवार,तामाङ र शेर्पा)को पाठ्यक्रम अनुरुप पठनपाठन कार्य सुरु गरिनेछ र कक्षा ४ र ५ को स्थानीय पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक छपाईका कार्य सम्पन्न गरिनेछ।
- गाउँपालिका,जिल्ला र प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड कप प्रतियोगिता सम्वन्धी कार्यलाई निरन्तरता दिइनेछ।
- उत्कृष्ट विद्यालय र शिक्षक पुरस्कृत कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्यको लागि खेलकुद भन्ने मूल मर्मलाई कार्यान्वयन गर्नका लागि विद्यालयहरुमा घुम्ती खेल प्रशिक्षक नियुक्त गरिनेछ।
- अन्तर गाउँपालिका स्तरीय महिला भलिवल प्रतियोगिता सञ्चालन गरिनेछ।
- हाम्रो गौरव तथा पहिचानको आधार थोलेदेम्वामा गल्फ खेलकुद आयोजना गरिनेछ ।

## महिला, बालबालिका तथा समाज कल्याण तर्फ

- आगामी दिनहरुमा अपाङ्ग तथा बालमैत्री भौतिक पूर्वाधार तथा संरचना निर्माण गर्नका लागि कार्यव्यवस्था मिलाइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि आमा घर वा कोसेली घरको निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि वढाइनेछ।
- परिवर्तित र विकसित समाज अनुकुल समायोजित हुने वातावरण सिर्जना तथा सामाजिक नेतृत्व विकासका लागि समाजमा रहेका बालबालिका, अपाङ्गता भएका व्यक्ति एवं महिलाहरुका लागि नेतृत्व विकास तालिम प्रदान गरिनेछ।
- वर्तमान समाजमा बढ्दो बालबिवाह तथा प्रजनन् स्वास्थ्य सम्बन्धी चुनौतीहरुको न्यूनीकरण गर्दै स्वस्थ खिजीदेम्वा निर्माणका लागि किशोर किशोरीहरुलाई बालबिवाह तथा प्रजनन् स्वास्थ्य सम्वन्धी सचेतनामूलक तालिम सञ्चालन गरिनेछ। विभिन्न अवसरहरुमा सञ्चालन गरिने दिवसीय एवम् सचेनामूलक कार्यक्रम तथा परिचय पत्र वितरण जस्ता नियमित कार्यहरुलाई निरन्तरता दिइनेछ।
- बालमैत्री स्थानीय तह घोषणा गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

- आमा समूह सञ्जालहरुका लागि विउ पूँजीको व्यवस्था गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि ह्वील चेयर, श्रवण यन्त्र तथा अन्य सहायक सामाग्रीहरुको आवश्यक व्यवस्था मिलाइनेछ।
- यस गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेशन नेपालसँगको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ। उक्त कार्यक्रम मार्फत हरेक नवजात शिशुमा जन्मदोष परीक्षण गरी जन्मदोष पहिचान भएका शिशुहरुको स्वास्थ्योपचार, विद्यालयमा रहेका १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य परीक्षण र व्यवस्थापन लगायतका रोकथामका क्रियाकलापहरु सञ्चालन गर्नुका साथै यस गाउँपालिका भित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी शिक्षा, स्वास्थ्य ,जीविकोपार्जन, सशक्तिकरण र सामाजिकीकरणका क्षेत्रमा आवश्यक सहयोग प्रदान गरिनेछ । यसका अतिरिक्त पहिचान भएका सबै अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्रका साथै राज्यले प्रदान गर्ने सामाजिक सुरक्षाका योजनाहरु मा पहुँच विस्तार गरिनेछ।
- सीबीआर कार्यक्रमसँगको सहकार्य तथा सहलगानीमा अपाङ्गता व्यक्तिहरुको आधारभूत मानवीय जीवनयापन कार्यका लागि रोजगारी सिर्जना तथा सहजीकरण गरिदिनका लागि कोशेली घर निर्माण गरिनेछ।
- उमेर ढल्किएका विपन्न परिवारका महिला तथा ज्येष्ठ नागरिकहरु लक्षित स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिनेछ।
- नौ वटै वडाभित्रका महिलाहरुको लागि मागमा आधारित सिपमुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा नं. २ मा आमा समूह सञ्जाल भवन निर्माण कार्य प्रक्रिया अगाडि वढाइनेछ।
- वडा नं. ७ स्थित रहेको महला भवनको मर्मत तथा व्यवस्थापन सम्वन्धी कार्य सम्पन्न गरिनेछ ।

**लघु उद्यम विकास तर्फः**

- जनप्रतिनिधिहरुको लागि वाक क्षमता विकास सम्वन्धी तालिम सञ्चालन तथा आयोजना गरिनेछ।
- युवा कृषकहरुलाई थप उद्यमशील बनाई आगामी आ.व. मा थप सीप विकास तालिम प्रदान गरिने छ।
- व्यवसायिक परामर्श तालिम प्रदान गरिने छ ।
- वस्तु तथा सेवाको बजार सम्बन्ध विस्तार गरिने छ ।
- लघु उद्यम विकास कर्जा प्रवाह (वित्तीय साक्षरता तालिम) प्रदान गरिनेछ ।
- सक्रिय तथा रुग्ण उद्यमीहरुलाई पुर्नताजकी सीप विकास तालिम प्रदान गरिने छ ।
- वडा सदस्यहरुलाई अधिकार क्षेत्र पहिचान तथा क्षमता विकास तालिम प्रदान गरिने छ ।

**खानेपानी तर्फः**

- मानव जाति मात्र नभई जीव जगतकै आधारभूत आवश्यकताको रुपमा चिनिने पानीको समस्या र आपूर्तिबीच आगामी आ.व. २०८१/०८२ मा पनि सवै भूगोल र वस्तीहरुमा आवश्यक र उचित तालमेल मिलाइनेछ।
- गाउँपालिका बासीहरुको माग र आवश्यकतानुसार खानेपानी पाइप तथा ट्याङ्की व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ भने वर्तमान प्रवृत्ति र नतिजा तथा उपलब्धीलाई मध्यनजर गरी त्रिपाल खरिद तथा वितरण कार्यमा रोक लगाइएको छ।
- समुदायको माग र आवश्यकतानुसार वडा नं. ५को लाम्पाटा,वसन्ते र प्रचुर सम्भावना बोकेको पर्यटकीय क्षेत्र एवम् यस गाउँपालिकाको ऐतिहासिक सम्पदा देम्वाडाँडाको खानेपानी सर्वे कार्य

सम्पन्न गरिनुका साथै सम्वन्धित निकायमा समस्या समाधानका लागि आवश्यक पहल गर्ने काम सम्पन्न गरिएको छ।

उपाध्यक्षज्यू
सदस्यज्यूहरु,

आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रमले आर्थिक विकास, सुशासन, सदाचार कायम गर्दै खुशी नागरिक तथा समृद्ध खिजीदेम्वा निर्माण गर्ने यस सरकारको सङ्कल्प र सपनालाई साकार रुप दिलाउन महत्वपूर्ण भूमिका खेल्ने कुरामा मेरो विश्वास छ। नागरिकको गुणस्तरीय शिक्षा र स्वास्थ्य साथै प्रत्यक्ष रोजगारीमा पहुँच वृद्धि हुने तथा सेवा प्रवाहमा आधारभूत परिवर्तन भइ खिजीदेम्वा वासीहरुमा यस सरकार प्रतिको विश्वास बढोत्तरी हुने अपेक्षा मैले लिएको छु। आम खिजीदेम्वा वासीहरुको जीवनस्तरमा समयसापेक्ष, गुणात्मक रुपान्तरणको दिशामा यो नीति तथा कार्यक्रम कोशेढुङ्गा सावित हुने विश्वास गर्दै यसमा सभाका सदस्यहरुको पूर्ण समर्थन र कार्यान्वयनमा सबैबाट सक्रिय र सकारात्मक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मी, व्यवसायी बैङ्क तथा वित्तीय क्षेत्र, सहकारी, समुदाय, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। खिजीदेम्वाको विकास र समृद्धिको लक्ष्य हासिल गर्न निरन्तर सहयोग पुर्याउँदै आउनुभएका सम्वद्ध सबै पक्ष, विकास साझेदारहरुलाई हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग समन्वय सहकार्य र साझेदारीताको अपेक्षा गर्दछु ।

धन्यवाद।

खिजीदेम्वा गाउँ सभाबाट मिति २०८१ असार ८ गते स्वीकृत भएको उपरोक्त अनुसारको खिजीदेम्वा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ वमोजिम प्रमाणित गर्दछु ।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष
मितिः २०८१।०३।०८